आकाशवाणी

मुख्य समाचार :-

- प्रधानमन्त्रीले मेक इन इण्डिया पहलको एघाहौं वर्षगांठमा भारतको आर्थिक परिदृश्य र उद्यमशीलता पारिस्थितिकी तन्त्रमा , परिवर्तनकारी प्रभावको मनाउनुभयो उत्सव
- **रक्षा मन्त्री राजनाथ सिंहले** नयाँ दिल्ली स्थित सेना मुख्यालयमा 'स्वच्छता ही सेवा' अभियान अन्तर्गत सफाई कर्मचारीहरूलाई सम्मानित गर्नुभयो
- केन्द्रीय कृषि र किसान कल्याण मन्त्रीले नयाँ दिल्लीमा सिक्किमको **बागवानी महाविद्यालयको** नयाँ प्रशासनिक र शैक्षणिक भवनको गर्नुभयो वर्चुअल उद्घाटन , अनि
- सिक्किम सरकारले घोषणा गरे अनुसार , अगिलो महीनाको पहिलो तारीखदेखी युद्धक्षेत्र पर्यटन अन्तर्गत डोक-ला र चो-ला-लाई घरेलू पर्यटकहरूका लागि खोलिनेछ।

**54-प्रधानमन्त्री - मेक इन इंडिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मेक इन इण्डिया पहलको एघाहौं वर्षगांठमा भारतको आर्थिक परिदृश्य र उद्यमशीलता पारिस्थितिकी तन्त्रमा यसको परिवर्तनकारी प्रभावको उत्सव मनाउनुभयो । सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो मेक इन इण्डिया पहल भारतको विकासलाई गति दिने र हाम्रो देशको उद्यमशीलता क्षमताको दोहन गर्ने उद्देश्यले शुरू गरिएको थियो । श्री मोदीले भन्नुभयो, मेक इन इण्डियाले आर्थिक मजबूतीलाई बढ़ाउन र आत्मनिर्भरताको नींव राख्नमा योगदान दिएकोछ र विभिन्न क्षेत्रमा नवाचार र रोजगार सृजनलाई प्रोत्साहित गरेको छ ।

**50 उपराष्ट्रपति-प्रधानमंत्री-दीनदयाल**

उपराष्ट्रपति **सी.पी. राधाकृष्णन र** प्रधानमन्त्री **नरेन्द्र मोदी** –ले आज पण्डित दीनदयाल उपाध्यायलाई उहाँको जयन्तीमा श्रद्धान्जलि अर्पण गर्नुभयो । उपराष्ट्रपतिले सोशल मीडियामा भन्नुभयो, पण्डित दीनदयाल उपाध्यायले अत्यन्त साधारण जीवन जिउनुभयो । श्री राधाकृष्णनले भन्नुभयो, उहाँले एउटा यस्तो भारतको कल्पना गर्नुभएको थियो , **जो संस्कृतिमा निहित होस , करुणाले प्रेरित होस् र एकात्म मानववादले निर्देशित होस्** । एउटा सोशल मीडिया पोस्टमा, श्री मोदीले भन्नुभयो, उहाँको राष्ट्रवादी आदर्श र अन्त्योदयको सिद्धान्तको समृद्ध भारतको विकासमा अमूल्य योगदान रहनेछ । गृह मन्त्री अमित शाह र भाजपाका राष्ट्रीय अध्यक्ष अनि केन्द्रीय मन्त्री जेपी नड्डाले पनि पण्डित दीन दयाल उपाध्यायलाई श्रद्धान्जलि अर्पण गर्नुभयो ।

**निर्मला - सीतारामन**

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारामनले भन्नुभएकोछ, वित्तीय प्रणालीलाई संचालित गरिरहेका संस्थानहरूको देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका छ । उहाँले भन्नुभयो, अर्थव्यवस्थालाई अझै बलियो बनाउनका लागि आउने समयमा ब्याङ्कले अधिक महत्वपूर्ण भूमिका निभाउनु पर्छ

**26-स्वच्छता अभियान**

**रक्षा मन्त्री राजनाथ सिंहले** आज नयाँ दिल्ली स्थित सेना मुख्यालयमा 'स्वच्छता ही सेवा' अभियान अन्तर्गत सफाई कर्मचारीहरूलाई सम्मानित गर्नुभयो । यस अवसरमा श्री सिंहले भन्नुभयो, जुन प्रकारले 'स्वच्छ भारत अभियान' एक क्रान्तिको रूपमा देशका प्रत्येक व्यक्तिसम्म पुगेको छ, जो अद्भुत छ । उहाँले भन्नुभयो, राष्ट्रले आज त्यही क्रान्तिको एक हिस्साका रूपमा स्वच्छता दिवस मनाइरहेको छ । यस अवसरमा **प्रमुख रक्षा अध्यक्ष जनरल अनिल चौहान**, **थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी** र **वायु सेना प्रमुख, एयर चीफ मार्शल एपी सिंह** पनि उपस्थित हुनुहुनथ्यो । केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्री तथा **भाजपा अध्यक्ष जेपी नड्डा** नयाँ दिल्लीमा

स्वच्छता ही सेवा दुई हजार पचिस  अभियानमा शामिल हुनुभयो।  सोशल मीडिया पोस्टमा श्री नड्डाले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणबाट प्रेरित भएर स्वच्छताको प्रत्येक कार्य स्वच्छ भारत  प्रति हाम्रो साझा कर्तव्यको सम्मान हो। उहाँले मानिससंग स्वच्छता अभियानमा भाग लिने पनि आग्रह गर्नुभयो। केन्द्रीय जल शक्ति मन्त्री, **सी आर पाटिल**, नयाँ दिल्लीको कालिन्दी कुन्ज घाटमा स्वच्छता अभियान "एक दिन, एक घण्टा, एक साथ" श्रमदान गतिविधिमा शामिल हुनुभयो।

**शिवराज- वर्चुअल उद्घाटन**

केन्द्रीय कृषि र किसान कल्याण मन्त्री **शिवराज सिंह चौहान**ले आज नयाँ दिल्लीमा सिक्किमको बागवानी महाविद्यालयको नयाँ प्रशासनिक र शैक्षणिक भवनको वर्चुअल उद्घाटन गर्नुभयो। यस अवसरमा श्री सिंहले भन्नुभयो, बाउन्न करोड़ रुपियाँको यो परियोजनाले सिक्किम र पूरा पूर्वोत्तर क्षेत्रका विद्यार्थी र किसानहरूलाई  नयाँ दिशा दिखाउनेछ। उहाँले भन्नुभयो, विद्यार्थीले  केवल फसल उत्पादन संग जोडीएको  तकनीक मात्र नसिकेर , **प्रसंस्करण, प्याकेजिङ्ग, मार्केटिङ र निर्यात** बारेमा पनि गहन जानकारी प्राप्त गर्नेछन्। केन्द्रीय मन्त्रीले भन्नुभयो, यो परिसर राज्यलाई हरित अर्थव्यवस्थाको आदर्श बनाउनमा सहायक हुनेछ।

**24 सिक्किम - युद्धक्षेत्र पर्यटन**

सिक्किम सरकारले घोषणा गरेको छ, अगिलो महीनाको पहिलो तारीखदेखी युद्धक्षेत्र पर्यटन अन्तर्गत **डोक-ला र चो-ला-लाई** घरेलू पर्यटकहरूका लागि खोलिनेछ। राज्य सरकारले यस सम्बन्धमा सुरक्षा र पर्यावरण संरक्षणका लागि दिशानिर्देश जारी गरेको छ। आदेशमा भनिएकोछ, प्रतिदिन पचिस  पर्यटक वाहन र पचिस  बाइक सवारीलाई दुबै स्थानमा जाने अनुमति हुनेछ। सेना, पुलिस र राज्य पर्यटन विभाग, चौकीहरूको देखभाल गर्नेछ भने, पर्यटकका लागि अनुरक्षक अनिवार्य गरिएकोछ।

**7 जयशंकर-एफआईपीआईसी बैठक**

विदेश मन्त्री डा. सुब्रमण्यम जयशंकरले न्यूयर्कमा भारत-प्रशान्त द्वीप समूह सहयोग मन्च- **एफ.आई.पीआई.सी** -का विदेश मन्त्रीहरूको एउटा बैठकको  आयोजना गर्नुभयो। यो बैठक हिजो संयुक्त राष्ट्र महासभाको अस्सीऔं  सत्रदेखी इतर भयो। एउटा सोशल मीडिया पोस्टमा, श्री जयशंकरले भन्नुभयो , उहाँलाई **एफ.आई.पी.आई.सी** विदेश मन्त्रीहरूको बैठकको मेज़बानी गरेर खुशी भएकोछ र यो जानेर खुशी लागेकोछ , **एफ.आई.पी.आई.सी**- तिन शिखर सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदी द्वारा घोषित बाह्र -सूत्रीय कार्य योजना राम्रोसंग आगि बढ़ी रहेकोछ।

**प्रल्हाद जोशी - विश्व हाइड्रोजन**

नवीन र नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले भन्नुभयो, भारतले वर्ष दुई हजार तिस सम्मको समय-सीमाभन्दा पाँच साल पहले नै आफ्नो स्थापित बिजुली क्षमताको पचास  प्रतिशत हिस्सा गैर-**जीवाश्म ईन्धन** स्रोतबाट प्राप्त गर्ने लक्ष्य हासेल गरेको छ। **विश्व हाइड्रोजन भारत सम्मेलनमा** वर्चुअल माध्यमले श्री जोशीले भन्नुभयो, भारतको यो शुरुआती उपलब्धीले यसलाई वैश्विक स्वच्छ ऊर्जा परिवर्तनमा केही विकसित देशभन्दा आगि लगेकोछ।

**44-झारखण्ड-नक्सली आत्मसमर्पण**

झारखण्डमा, युवा महिलाहरू सहित दस नक्सलिहरूले आज **पश्चिमी सिंहभूम जिलाको** चाईबासामा राज्यका पुलिस महानिदेशक अनुराग गुप्ताका समक्ष आत्मसमर्पण गरे।श्री गुप्ताले चाईबासा पुलिस लाइनमा सबै आत्मसमर्पण गर्ने नक्सलीहरूको मुख्यधारामा आउनमा स्वागत गर्नुभयो। यस अवसरमा उहाँले भन्नुभयो, राज्य सरकारको आत्मसमर्पण नीतिका कारण नक्सलीहरूलाई मुख्यधारामा वापस लाउनु राज्य पुलिसको सबैभन्दा ठूलो उपलब्धीहरूमा एक छ।

**संशो. अनिवार्य घोषणा**

मार्केट मन्त्रा कार्यक्रम आज आफ्नो नियमित समय साँझ साढ़े छ बजेको स्थानमा बेलुकी आठ बजेर दस मिनेटदेखी साढ़े आठ बजे सम्म प्रसारित गरिनेछ। यो आकाशवाणी एफएम गोल्ड सय दशमलव एक मेगाहर्ट्जमा सुनाउन सकिनेछ।

मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले मेक इन इण्डिया पहलको एघाह्रौं वर्षगांठमा भारतको आर्थिक परिदृश्य र उद्यमशीलता पारिस्थितिकी तन्त्रमा , परिवर्तनकारी प्रभावको मनाउनुभयो उत्सव
- **रक्षा मन्त्री राजनाथ सिंहले** नयाँ दिल्ली स्थित सेना मुख्यालयमा 'स्वच्छता ही सेवा' अभियान अन्तर्गत सफाई कर्मचारीहरूलाई सम्मानित गर्नुभयो
- केन्द्रीय कृषि र किसान कल्याण मन्त्रीले नयाँ दिल्लीमा सिक्किमको **बागवानी महाविद्यालयको** नयाँ प्रशासनिक र शैक्षणिक भवनको गर्नुभयो वर्चुअल उद्घाटन , अनि
- सिक्किम सरकारले घोषणा गरे अनुसार , अगिलो महीनाको पहिलो तारीखदेखी युद्धक्षेत्र पर्यटन अन्तर्गत डोक-ला र चो-ला-लाई घरेलू पर्यटकहरूका लागि खोलिनेछ।